**January 26th, 2025 Sunday**

**सुरुमा यस बुलेटिनका प्रमुख समाचार:**

1. देशले आज ७६औँ गणतन्त्र दिवस मनाउँदै
2. इन्डोनेसियाका राष्ट्रपति श्री प्राबोवो सुब्यान्टो यस वर्षको गणतन्त्र दिवस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित
3. यस वर्षको पद्म पुरस्कारका लागि १३९ प्रतिष्ठित व्यक्तित्वहरू चयन
4. सरकारी कर्मचारीहरूको लागि एकीकृत पेन्सन योजना अधिसूचित
5. अनि क्वालालम्पुरमा जारी ICC U-19 महिला टी–२० विश्वकपमा भारतले बंगलादेशलाई ८ विकेटले पराजित गर्न सफल

**अब समाचार विस्तारमा**

1. Republic Day - Prez

देशले आज ७६औँ गणतन्त्र दिवस मनाउँदै छ । यस अवसरमा आज राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले नयाँ दिल्लीको कर्तव्य पथमा झण्डा फहराउनुभयो। यसअघि प्रधानमन्त्री श्री नरेन्द्र मोदीले राष्ट्रिय युद्ध स्मारकमा पुगेर देशका लागि आफ्नो जीवन आहुति दिने शहीदहरूलाई पुष्पहार अर्पण गर्नुभएको थियो। यस वर्षको गणतन्त्र दिवस समारोहमा इन्डोनेसियाका राष्ट्रपति श्री प्रबोवो सुब्यान्टो प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएको थियो । आजको परेडमा देशको सभ्यता, संस्कृति र वैज्ञानिक प्रगति झल्कने सुन्दर झाँकी प्रस्तुत गरिएको थियो । परेडमा देशभरका तीनसय कलाकारले 'सारे जहाँ से अच्छा' प्रस्तुत गरेका थिए। समारोहमा हेलिकप्टरले झण्डाको आकारमा पुष्पवृष्टि गरेको थियो। यस वर्षको परेडमा १० हजार विशेष अतिथिलाई आमन्त्रित गरिएको थियो। परेडमा पहिलो पटक सेनाका तीनवटै पङ्क्तिको संयुक्त शक्ति प्रदर्शन गरिएको थियो ।

2. Bhaisnav – Mann Ki Baat Guests

सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले आज नयाँ दिल्लीको आकाशवाणी भवनमा ७६ औं गणतन्त्र दिवस परेडमा सहभागी भएका विशेष अतिथिहरूसँग अन्तरक्रिया गर्नुभयो। श्री वैष्णभले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले मन की बात कार्यक्रममा यी सबै अतिथिहरूले समाजको लागि उल्लेख्य काम गरेको चर्चा गर्नुभएको थियो। आकाशवाणी समाचारसँगको विशेष कुराकानीमा प्रधानमन्त्री श्री मोदीले मन की बात कार्यक्रम मार्फत देशका जनताको प्रेरणादायी कामलाई पुर्‍याउने काम गरेको श्री वैष्णवले बताउनुभयो ।

3. Republic Day Celebration

७६औँ गणतन्त्र दिवस आज देशका विभिन्न राज्य र केन्द्र शासित प्रदेशमा उत्साह र उमंगका साथ मनाइयो । सिक्किमको गान्तोकस्थित पाल्जर स्डेडियममा आज छयात्तरौँ गणतन्त्र दिवस पालन गरियो। कार्यक्रममा राज्यपाल श्री ओमप्रकाश माथुर प्रमुख अतिथि र मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ विशिष्ट अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। राज्यपालले सम्बोधनमा पर्यटन, स्वास्थ्य, शिक्षा र पूर्वाधारका क्षेत्रहरूदेखि लिएर सुशासन र डिजिटल कनेक्टिभिटीका क्षेत्रहरूसम्मको प्रगति यात्रामा अघि बढिरहेको उल्लेख गर्नुभयो। श्री माथुरले राष्ट्रमा लोकतन्त्र, न्याय र स्वतन्त्रताको विजयको उत्सव मनाउन पाएकामा अपार गर्व र कृतज्ञता व्यक्त गर्नुभयो।

यस अवसरमा, राज्यपालले विभिन्न पुलिस पदक र राज्य मेधावी सेवा पुरस्कार प्रदान गर्नुभयो। राज्यपालले राज्य र राष्ट्रका लागि अझ ठूलो प्रगति हासिल गर्न एकजुट भई काम गर्दा राष्ट्रप्रति अटुट माया, कडा परिश्रम र राष्ट्रप्रति समर्पित सेवा गर्ने हामी सबैलाई प्रेरणा मिल्छ भन्नुभयो। यसअघि राज्यपालले राष्ट्रिय झण्डा फहराएर राष्ट्रिय गानका साथरभव्य उत्सवको सुरुवात गर्नुभएको थियो। कार्यक्रममा क्याबिनेट मन्त्रीहरू, विभिन्न विभागका विभागीय प्रमुख, सञ्चारकर्मी र ठूलो संख्यामा उत्साही दर्शकहरूको उपस्थिति रहेको थियो।

4. Republic Day - Abroad

गणतन्त्र दिवसको अवसरमा देशबाहिर पनि कार्यक्रम हुँदैछ । कोलम्बोस्थित भारतीय उच्चायोग र श्रीलंकास्थित अन्य कूटनीतिक कार्यालयमा राष्ट्रिय झण्डा फहराएर गणतन्त्र दिवस मनाइयो। बंगलादेशको राजधानी ढाकामा भारतको ७६औँ गणतन्त्र दिवसको अवसरमा भारतीय उच्चायुक्त श्री प्रणय वर्माले राष्ट्रिय झण्डा फहराउनुभयो।

5. Padma Awards - Prez

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले सन् २०२५ को लागि १३९ वटा पद्म पुरस्कार प्रदान गर्न स्वीकृत गर्नुभएको छ । सूचीमा सात पद्मविभूषण, १९ पद्मभूषण र ११३ पद्मश्री पुरस्कारहरू समावेश छन्। पुरस्कार पाउनेमा २३ जना महिला छन् । यस सूचीमा विदेशी, गैरआवासीय भारतीय, भारतीय मूलका व्यक्ति र भारतका विदेशी नागरिक र अन्य १३ जनालाई मरणोपरान्त पुरस्कारबाट सम्मानित गरिएको छ । चौथो सर्वोच्च सम्मान "पद्मश्री" द्वारा सम्मानित हुनेहरुमा सिक्किमका लोक गायक श्री नरेन गुरुङ र असमकी प्रख्यात लेखिका, साहित्यकार, अनुवादक, र उपन्यासकार श्रीमती गीता उपाध्याय हुनुहुन्छ। श्री नरेन गुरुङले सिक्किमको नेपाली लोक संगीत र नृत्यलाई संरक्षण र प्रवर्धन गर्न ठूलो योगदान दिनुभएको छ। श्रीमती गीता उपाध्यायले असमेली गोर्खा समाज र महिला समाजको गौरव बढाउँदै भारतीय साहित्यिक जगतमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ।

6. UPS

केन्द्र सरकारले आधिकारिक रूपमा एकीकृत पेन्सन योजना, UPS को कार्यान्वयनलाई सूचित गरेको छ। सरकारले केन्द्रीय सरकारी कर्मचारीहरूका लागि राष्ट्रिय पेन्सन प्रणाली अन्तर्गत एक विकल्पको रूपमा गत वर्ष अगस्टमा एकीकृत पेन्सन योजना सुरु गरेको थियो। यो योजना यसै वर्ष अप्रिल १ गतेदेखि लागू हुनेछ ।

7. Mahakumbha

प्रयागराजमा महाकुम्भको आज १४ औं दिन हो । सबै अनुष्ठान पूरा गरेपछि भक्तजन मेला क्षेत्रमा सञ्चालित विभिन्न प्रदर्शनी र पण्डलमा पुग्ने गरेका छन् । यी मध्ये नरेन्द्र मोदी एप आकर्षणको केन्द्र बनेको छ ।

8. Telangana – Accident

तेलंगानामा आज ट्रक र दुईवटा अटोरिक्सा ठोक्किँदा पाँच जनाको मृत्यु भएको छ भने छ जना घाइते भएका छन् । दुर्घटनास्थलमा उद्धार कार्य जारी रहेको र घाइतेहरुलाई अस्पतालमा भर्ना गरिएको प्रहरीले जनाएको छ । यसैबीच मुख्यमन्त्री श्री रेवन्त रेड्डीले जिल्ला अधिकारीहरूलाई घाइतेहरूलाई राम्रो स्वास्थ्य सुविधा सुनिश्चित गर्न निर्देशन दिनुभएको छ।

9. Sports News

अब खेल समाचारः एथलेटिक्समा भारतकी ज्योति याराजीले आफ्नै राष्ट्रिय कीर्तिमान तोडेकी छिन्। उनले हिजो फ्रान्समा भएको मिटिङ डे नान्टेस मेट्रोपोल २०२५ प्रतियोगितामा महिलातर्फ ६० मिटर इन्डोर हरडल्समा स्वर्ण पदक जितेकी छिन्। चेसमा, 87 औं टाटा स्टील चेस प्रतियोगिताको आठौं चरणको सुरुवात आज नेदरल्याण्डमा हुँदैछ। यस आठौं चरणमा आर प्रग्नानन्धाले आफ्नै देशका डी गुकेशको सामना गर्नेछन्। इन्डियन सुपर लिग फुटबलमा आज साँझ साढे सात बजे मुम्बईमा मोहम्मडन एससीले मुम्बई सिटीको सामना गर्नेछ । अर्को खेल पुणे युनाइटेड र हैदरावाद सुपरस्टार्सबीच साँझ सवा सात बजे हुनेछ । क्वालालम्पुरमा जारी ICC U-19 महिला टी–२० क्रिकेट विश्वकपमा भारतले बंगलादेशलाई ८ विकेटले पराजित गरेको छ । भारत समूह ए मा अहिलेसम्म तीनवटै खेल जितेर शीर्ष स्थानमा छ । अस्ट्रेलियन ओपन टेनिसमा पुरुष एकलको फाइनलमा इटालीका यानिक सिन्नेरले जर्मनीका अलेक्जेन्डर ज्वेरेभलाई पराजित गरेका छन्।

**अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक**

1. देशले आज ७६औँ गणतन्त्र दिवस मनाउँदै
2. इन्डोनेसियाका राष्ट्रपति श्री प्राबोवो सुब्यान्टो यस वर्षको गणतन्त्र दिवस समारोहमा प्रमुख अतिथिको रूपमा उपस्थित
3. यस वर्षको पद्म पुरस्कारका लागि १३९ प्रतिष्ठित व्यक्तित्वहरू चयन
4. सरकारी कर्मचारीहरूको लागि एकीकृत पेन्सन योजना अधिसूचित
5. अनि क्वालालम्पुरमा जारी ICC U-19 महिला टी–२० विश्वकपमा भारतले बंगलादेशलाई ८ विकेटले पराजित गर्न सफल